# किसानहरूको लागि कोभिड-१९ राहत परिचालन

यो निर्देशिका कोभिड-१९ ले उत्पन्न गरेको चुनौतीपूर्ण परिस्थितिलाई परिचालन गर्ने कार्यमा मद्दत गर्न तयार गरिएको थियो। यस सङ्कटको घडीमा संघीय (फेडरल) र राज्य (स्टेट) कार्यक्रमहरूबाट प्राप्त हुने सहायताले धेरै फरक पार्न सक्छ। यसपछि आउने केही पेजहरूले कोभिड-१९ सँग सम्बन्धित राहत कार्यक्रमहरू र तिनीहरू किसानहरूको लागि कसरी लागू हुन्छन् भनी उल्लेख गर्दछ। तपाईंको लागि सहयोगी हुनसक्ने कार्यक्रमहरू तपाईंले हेर्दै जाँदा तलका कुराहरू स्मरणमा राख्नु धेरै महत्वपूर्ण छन् :

**कार्यक्रम विवरणहरू छिटो गतिमा परिवर्तन हुँदैछन्**

कोभिड-१९ राहतहरू निरन्तर आउँदै र परिवर्तन हुँदैछन्। यहाँ सूचीकृत भएका एजेन्सीहरूबाट भएका विवरणहरू परिवर्तनका लागि सम्बन्धित एजेन्सीहरूमा गएर हेर्न नबिर्सनुहोस् किनकि केही कार्यक्रमहरूको लागि नियमहरू जारी गर्न अझै बाँकी रहेका छन् भने अरू पहिल्यै परिवर्तन भएका छन्।

**अभिलेख विवरण (डकुमेन्टेसन) जरुरी हुन्छ**

तपाईंलाई मद्दत गर्न सक्ने केही कार्यक्रमहरूले तपाईंसँग कागजात वा अभिलेख विवरण (डकुमेन्टेसन) खोज्छन्। विवरणहरू जरुरी हुन्छ। तपाईंको अभिलेख विवरणहरू तयार राख्नुहोस् र तपाईंको मूल्य वा बजार क्षति समेट्ने र तपाईंको फार्ममा के कस्तो अवस्था आइरहेको छ भन्ने कुरा बताउने विस्तृत नोटहरू बनाउन थाल्नुहोस्।

**एजेन्सीहरू र ऋणदाताहरूलाई तत्काल सम्पर्क गर्नुहोस्**

तपाईंले छिटोभन्दा छिटो कोभिड-१९ राहत कार्यक्रमहरूसँग सम्बन्धित एजेन्सी र ऋणदाताहरूलाई सम्पर्क गर्नुपर्छ। एजेन्सीहरू, बीमा/इन्सुरेन्स कम्पनीहरू, ऋणदाताहरू, ठेकेदार/कन्ट्र्याक्टरहरू र पुनर्लाभ/रिकोभरी प्रयासमा आधिकारिक रुपमा संलग्न अन्य जोकोहीसँग सम्बन्धित तपाईंको सम्पर्क विवरणहरूको अभिलेख राख्नुहोस्।

**तपाईंलाई फार्म नम्बर आवश्यक पर्न सक्छ**

अमेरिकी कृषि विभाग USDA बाट संचालित धेरैजसो फार्मसम्बन्धी कार्यक्रमहरूको लागि किसानहरूले फार्म सर्भिस एजेन्सीमा दर्ता भएर एक फार्म नम्बर लिनुपर्छ। यो प्रक्रिया निःशुल्क छ। फार्म नम्बर लिनलाई तपाईंको अमेरिकी कृषि विभाग USDA को स्थानीय सर्भिस सेन्टरलाई सम्पर्क गर्नुहोस् (अर्को पेजमा हेर्नुहोस्)।

**समयसीमा छिटो आउने छ र परिवर्तन हुन सक्नेछ**

धेरैजस्तो कोभिड-१९ राहत कार्यक्रमहरूको समयसीमा हुन्छन्। केही समयसीमा धेरै छिटो आउँछन् र केही अवस्थाहरूमा समयसीमा भन्दा पहिले नै कोष रकम सकिन सक्छन्। यससँग तल रहेको तालिकामा तिनीहरू रहने समयसीमाहरू उल्लेख गरिएका छन्, तर तपाईंले एजेन्सी अफिसहरूको मिति परिवर्तन भएका छन् छैनन् भन्ने निश्चित गर्न दोहोरो चेकजाँच गर्नुपर्छ।

**केही कार्यक्रमहरूमा पुनरावेदन प्रक्रियाहरू हुन्छन्**

केही राहत कार्यक्रमहरूमा पुनरावेदनका प्रक्रिया हुन्छन्। यदि तपाईंलाई कार्यक्रमबाट अस्वीकार गरिएमा पनि 'हुँदैन' भन्ने जवाफ संधै अन्तिम जवाफ होइन भन्ने कुरा थाहा पाइराख्नुहोस्।

**पुनर्लाभ (रिकोभरी) एउटा लामो र तनावपूर्ण प्रक्रिया हो**

कुनै पनि विपद वा संकटकालीन आवस्थाबाट पुनर्लाभ (रिकोभरी) हुनु भनेको एउटा लामो प्रक्रिया हुनेछ। अन्य पीडादायी अनुभवहरूलाई हेर्दा मानिसहरू कुनै सङ्कटबाट मुक्त (रिकोभर) हुन धेरै चरणबाट गुज्रनुपर्ने हुन्छ। धैर्य हुनुहोस् र आफ्नो तथा अरुको ख्याल राख्नुहोस्। सहभागी सबैले मानसिक स्वास्थ्यमा उपस्थित हुनु जरुरी छ। तपाईंले सम्बन्धित स्रोतहरू अर्को पेजमा पाउनु हुनेछ।

**ठगी गर्ने व्यक्तिहरू देखा पर्न सक्नेछन्**

संकटकालीन अवस्था देखापर्ने वित्तिकै ठगी गर्ने व्यक्तिहरू सधैं आइपुग्छन्। सतर्क हुनुहोस्। कोभिड-१९ को यस समयमा देखा पर्ने कर्जा वा ऋण परिवर्तनसँग सम्बन्धित ठगीहरूप्रति विशेष सचेत हुनुहोस्।

**विभेद गैरकानुनी हो**

तल उल्लेख गरिएका कार्यक्रमहरू योग्य रहेका सबैको लागि उपलब्ध हुन्छन्। विभेद गैरकानुनी हो। प्रत्येक एजेन्सीसँग विभेदसम्बन्धी गुनासो प्रक्रिया हुनुपर्छ। अमेरिकी कृषि विभाग USDA को विभेदसम्बन्धी गुनासो प्रकियाहरू किसानहरूको लागि तयार गरिएको कोरोनाभाइरस खाद्य सहयोग कार्यक्रमसम्बन्धी निर्देशिका (CFAP) मा चर्चा गरिएको छ र यो www.flaginc.org/covid-19-guide/ मा उपलब्ध छ।

**तपाईंले फार्म एडलाई फोन गर्न सक्नुहुन्छ**

तपाईं पुनर्स्थापित हुने प्रक्रियामा हुँदा यी कार्यक्रमहरू परिचालन गर्न धेरै कठिन हुन सक्छन्। यदि तपाईंलाई सहयोग खाँचो भएमा कृपया थाहा पाइराख्नुहोस् तपाईंले फार्म एडलाई 1-800-FARM-AID मा कुनैपनि समय फोन गर्न सक्नुहुन्छ। फार्म एडले तपाईंको कुराहरूको आँकलन गर्न सहायताको लागि तपाईंको नजिक रहेका कसैसँग सम्पर्क गराउन सक्नेछ।

**कोभिड-१९ राहतको लागि किसानहरूको निर्देशिका**

यहाँ उल्लेख गरिएका कार्यक्रमहरूको विस्तृत विवरणको लागि किसानको हितमा कार्य गर्ने कम्पनी फार्मर्स लिगल एक्सन ग्रुप (FLAG) बाट तयार गरिएको कोभिड-१९ राहतसम्बन्धी निर्देशिका र खाद्य सहयोग कार्यक्रमसम्बन्धी निर्देशिका CFAP को पछिल्लो संस्करण www.flaginc.org/covid-19-guide/ मा हेर्नुहोस्।

# कोभिड-१९ राहत परिचालनको लागि प्रमुख सम्पर्कहरू

## अमेरिकी कृषि विभाग (USDA)

**तपाईंको स्थानीय अमेरिकी कृषि विभागको सर्भिस सेन्टर खोजी गर्नुहोस्:** https://offices.sc.egov.usda.gov/locator/app. ध्यान दिनुहोला तपाईंको स्थानीय सर्भिस सेन्टर नजिकको काउन्टीमा पनि रहेको हुनसक्छ।

**अमेरिकी कृषि विभाग सूचना हटलाइन:** USDA सँग सम्बन्धित प्रश्नहरूको लागि कृपया (202) 720-2791 मा फोन गर्नुहोस्।

## साना व्यवसाय प्रशासन (SBA)

**साना व्यवसाय प्रशासन अन्तर्गतका कोरोनाभाइरस राहत विकल्पहरू:** https://www.sba.gov/funding-programs/loans/coronavirus-relief-options

**साना व्यवसाय प्रशासन अन्तर्गतका विपद सहायता ग्राहक सेवा केन्द्र:** For help with SBA's Disaster Loan Assistance website, https://disasterloan.sba.gov/, contact 1-800-659-2955 | TTY: 1-800-877-8339.

**तलब/ज्याला सुरक्षा कार्यक्रम (PPP) को लागि ऋणदाताहरू :** https://www.sba.gov/document/support--paycheck-protection-program-participating-lenders

**साना व्यवसाय प्रशासन अन्तर्गत आर्थिक हानि विपद कर्जा EIDL को आवेदन:** https://covid19relief.sba.gov/#/

## श्रम विभाग

**तपाईंको ठाउँमा राज्यको बेरोजगार अफिस खोजी गर्नुहोस् :** https://www.dol.gov/coronavirus/unemployment-insurance#find-state-unemployment-insurance-contacts

## तनाव तथा मानसिक स्वास्थ्य स्रोतहरू

**SAMHSA National Helpline / 1-800-662-4357** 24/7 निःशुल्क र गोपनीय प्रेषण तथा सूचना सेवा प्रदान गर्ने लाइन।

**SAMHSA Disaster Distress Helpline / 1-800-985-5990** विपदको प्रतिकार्यमा तालिमप्राप्त काउन्सेलरसँग कुरा गर्न।

**National Suicide Prevention Lifeline / 1-800-273-8255** यस लाइफलाइनले मानसिक पीडामा रहेका मानिसहरूको लागि 24/7 निःशुल्क र गोपनीय सहयोग, र तपाईं अनि तपाईंको आफन्तको लागि रोकथाम तथा सङ्कटसम्बन्धी स्रोतहरू प्रदान गर्छ।

तपाईंको क्षेत्रमा रहेको मानसिक स्वास्थ्य परामर्शकर्ता/काउन्सेलरको खोजी गर्न हेर्नुहोस् : https://www.psychologytoday.com/us.

## गैरसरकारी सहयोग

**FLAG's ले तयार गरेको कोभिड-१९ राहतसम्बन्धी किसान निर्देशिका :** www.flaginc.org/covid-19-guide/

**फार्म एडको हटलाइन:** 1-800-FARM AID or farmhelp@farmaid.org

**Farm Aid, Farmers' Legal Action Group, Inc., Indigenous Food and Agriculture Initiative, Intertribal Agriculture Council, National Sustainable Agriculture Coalition, र RAFI-USA द्वारा तयार गरिएको।**

# किसानहरूको लागि कोभिड-१९ राहतको सारांश

अगस्ट 27, 2020

| कार्यक्रम | एजेन्सी | के उपलब्ध छ? | योग्यता | फार्म योग्यता | आवेदन र समयसीमाको जानकारी | अन्य |
|---|---|---|---|---|---|---|
| **CARES ACT मा आधारित राहत** | | | | | | |
| **आर्थिक प्रभाव भुक्तानीहरू (अर्थात्, व्यक्तिहरूको लागि रिकोभरी रिबेट)** | आन्तरिक राजश्व सेवा (IRS) www.irs.gov/coronavirus/economic-impact-payments | योग्य व्यक्तिको लागि $1,200 डलर भुक्तानी, साथै योग्य बच्चाको लागि थप $500 डलर। | आयको थ्रेसहोल्ड/सीमा (व्यक्तिहरूको लागि $75 हजार डलर; संयुक्त कमाइको लागि $150 हजार डलर) पार गरेपछि भुक्तानीहरू घट्नेछ। भुक्तानीहरू प्राप्त गर्नेसम्बन्धी IRS मद्दतको लागि यहाँ हेर्नुहोस्: https://www.irs.gov/newsroom/how-to-use-the-tools-on-irsgov-to-get-your-economic-impact-payment. | छ<br>व्यक्तिहरूको रुपमा | सिद्धान्ततः, फेडरल करहरू दाखिला गर्नेहरू र सामाजिक सुरक्षा भत्ता वा फेडरल लाभहरू प्राप्त गर्नेहरूले पैसा भुक्तानीहरू स्वतः पाउनेछन्। जोसँग यसप्रकारको सुविधा छैन, उनीहरूले आधारभूत जानकारी आन्तरिक राजश्व सेवा (IRS) मा अनिवार्य उपलब्ध गराउनुपर्छ। | केही ऋणदाताहरूले भुक्तानीहरू सिज गर्न वा रोक्न सक्छन् |
| **तलब/ज्याला सुरक्षा कार्यक्रम (PPP)** | साना व्यवसाय प्रशासन (SBA) https://www.sba.gov | ऋण कहिले प्राप्त गरिएको भन्ने कुराको आधारमा ऋणहरूले 8 वा 24 हप्ताको पेरोल खर्चहरू समेट्छ। ऋणहरू पूर्णरूपमा माफ गर्न सकिन्छ। | फार्महरू; साना व्यवसायहरू; गैरनाफामूलकहरू; आदिवासीहरूको साना व्यवसाय समूह/कन्सर्नहरू; भेट्रानहरूको संस्थाहरू; अन्य स्वरोजगार व्यक्तिहरू; र स्वतन्त्र ठेकेदार/कन्ट्र्याक्टरहरू | छ<br>रोजगारदाताहरूको रुपमा | आवेदनको समाप्ति मिति अगस्ट 8, 2020 मा थियो। SBA ले अब उपरान्त आवेदनहरू स्वीकार गर्नेदैन तर ऋण प्राप्त गरेका व्यक्तिहरूका लागि ऋण माफ आवेदनहरू उपलब्ध छन्: https://www.sba.gov/funding-programs/loans/coronavirus-relief-options/paycheck-protection-program | ऋणदातासँग आवेदन गरेको हुनुपर्छ र कार्यक्रम पहिले आउनेलाई पहिलो सेवा प्रदान गरिने खालको थियो। अपील गर्ने प्रक्रिया अवस्थित छ। |
| **कोभिड-१९ आर्थिक हानि विपद कर्जा (EIDL) कार्यक्रम** | साना व्यवसाय प्रशासन (SBA) https://www.sba.gov | साना व्यवसायहरू र आपतकालको लागि कर्जा सीमा $10,000 सम्म रहन्छ जुन फेरि तिर्नुपर्दैन। | 500 भन्दा कम कर्मचारी भएका साना कृषि उद्यम तथा व्यवसायहरू; निजी गैरनाफामूलकहरू; साना कृषि सहकारीहरू; एकल स्वामित्वहरू; र आदिवासीहरूको साना व्यवसाय समूह/कन्सर्नहरू | छ<br>कृषिक्षेत्रहरू अप्रिल 24, 2020 मा योग्य बनाइएका थिए। | यस कार्यक्रम डिसेम्बर 31, 2020 सम्म उपलब्ध छ। प्रारम्भिक कोष सकिएको, तर नयाँ कोष उपलब्ध छ र SBA ले फार्महरूबाट मे 4, 2020 देखि आवेदन लिन थालेको छ। सोझै SBA को यस वेवसाइटमा आवेदन गर्नुपर्छ: https://covid19relief.sba.gov/#/ | पहिले आउनेलाई पहिलो सेवा हुन्छ। रकम कमी हुने हुँदा उपलब्धता कहिले हुने कहिले नहुने हुन्छ। जुलाई 11, 2020 अनुसार, आपतकालीन अग्रिमहरूका लागि वित्त व्यवस्था समाप्त भयो। |
| **महामारी बेरोजगार सहायता (PUA) कार्यक्रम** | श्रम विभाग https://www.dol.gov | कोभिड-१९ का कारण जागिर गुमेकाहरूको लागि बेरोजगार बीमा उपलब्ध छ। सामान्य भुक्तानीहरू हरेक हप्ता $600 डलरले बढ्छ र सहायता लाभहरूको 39 हप्तासम्म बढाइएको। | स्वरोजगार गर्दै आएका बेरोजगारहरूको लागि उपलब्ध। कोभिड-१९ सङ्कटसँग सम्बन्धित विभिन्न कारणहरूमध्ये कुनै एउटा कारणले काम सुचारु गर्न नसकेको हुनुपर्छ। | छ<br>स्वरोजगार गर्ने बेरोजगार व्यक्तिहरू | डिसेम्बर 31, 2020 सम्म उपलब्ध छ। राज्यको बेरोजगार इन्सुरेन्स अफिसबाट आवेदन गर्नुहोस्। राज्यको अफिस खोज्न यो वेवसाइटमा जानुहोस्: https://www.dol.gov/coronavirus/unemployment-insurance - find-state-unemployment-insurance-contacts. | राज्यको बेरोजगार अफिसले किसानहरू योग्य हुन्छन् भन्ने कुरा थाहा नपाउन सक्छ। |
| **असुलीमा रोक तथा भुक्तानी स्थगन (Foreclosure Moratorium and Forbearance)** | धेरै छन्। यसलाई कसले र कसरी लागू गर्छन् भन्ने स्पष्ट छैन। | आवासीय घर बन्धकीको लागि भुक्तानी तथा पुरोबन्ध असुलीमा रोक/स्थगन। भुक्तानी स्थगन भन्नाले केही समयसम्म पैसा नतिर्नु हो। | सरकार समर्थित आवासीय बन्धकीहरू मात्र योग्य हुन्छन् (अर्थात्, फेडरल एजेन्सीहरूले कर्जा दिएको वा कर्जाको प्रत्याभूति गरेको, वा Fannie Mae वा Freddie Mac संलग्न रहेका छन् भने) | हुन सक्छ<br>घरसमेतको बन्धकीहरूको लागि र केही अरु | फोरक्लोजर मोरेटोरियमको अगस्ट 31, 2020 सम्म समाप्त भएको थियो। उपभोक्ता वित्तीय सुरक्षा ब्यूरोमा थप जानकारी हेर्नुहोस्: https://www.consumerfinance.gov/about-us/blog/guide-coronavirus-mortgage-relief-options/. | अहिलेको मितिसम्म फार्म धितोबन्धकीहरू योग्य भएको देखिंदैन, यसमा आवाससमेत भएपनि । |
| **कोरोनाभाइरस खाद्य सहायता कार्यक्रम (CFAP): प्रत्यक्ष भुक्तानीहरू** | अमेरिकी कृषि विभाग (USDA) www.usda.gov | USDA ले निर्धारित गरेको विशिष्ट वस्तुहरू (बाली, एक्काकल्चर, र पशुधन) को लागि प्रत्यक्ष भुक्तानीहरू 2020 को सुरुवातमा 5% वा बढीको मूल्यले घाटामा पऱ्यो। | व्यक्तिहरू र योग्य कमोडिटीहरूमा स्वामित्व हितहरू भएका संस्थाहरू। अधिकांश कमोडिटीहरू मूल्य जोखिममा पर्नुपर्छ, अर्थात् तिनीहरूले पूर्वनिर्धारित मूल्य प्राप्त गर्न नसक्ने हुनुपर्छ। | छ<br>कार्यक्रम किसानहरूको लागि डिजाइन गरिएको छ। | आवेदन अवधि सेप्टेम्बर 11, 2020 सम्म चल्छ। अनलाइन वा FSA कार्यालयमा आवेदन गर्नुहोस्। https://www.farmers.gov/cfap#apply मा गएर आवेदनहरू फेला पार्नुहोस्। | $16 बिलियन कोष परिचालनमा। USDA ले कुन वस्तुहरू योग्य छन् भनी निर्धारण गर्छ तर त्यो सूची फेरि परिवर्तन हुन सक्छ, भएको छ र हुन सक्नेछ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **कोरोनाभाइरस खाद्य सहायता कार्यक्रम (CFAP): किसानहरूबाट परिवारसम्म खानेकुराको बट्टा कार्यक्रम** | अमेरिकी कृषि विभाग (USDA) www.usda.gov | अमेरिकी कृषि विभाग USDA ले ताजा उत्पादन, डेरी र मासु खरिद गर्छ। डिस्ट्रिब्युटर र होलसेलरहरूले राहत बाँड्ने समूहहरूलाई खानाको बक्स उपलब्ध गराउँछन्। | सरकारले किसानहरूबाट ताजा उत्पादन, डेरी र मासु खरिद गर्नेछ। | छ<br>ताजा उत्पादन, डेरी र मासुको विक्रेताको रुपमा | USDA ले करारको दुई राउण्ड स्वीकृत गरेको छ। तेस्रो राउण्डको लागि प्रारम्भिक सिफारिस खुलेको छ तर अहिलेसम्म कुनै करार पुरस्कृत भएको छैन। | किसानहरूबाट $4 बिलियन डलर बराबरको खानेकुरा खरिद प्रक्रियामा। |
| **दिवालिया हुनु/टाट पल्टनु** | विज्ञलाई सम्पर्क गर्नुहोस् | अदालत/कोर्टद्वारा सुपरिवेक्षण | विभिन्न छन्। च्याप्टर 12 पारिवारिक किसानहरूको लागि हो। CARES Act अन्तर्गत कोभिड-१९ भुक्तानीहरूलाई च्याप्टर 7 वा 13 को दिवालियाहरूको लागि आयको रुपमा गणना गरिँदैन। | छ | यसको कुनै एउटा मात्र सीमा हुँदैन | |
| **अन्य राहत** | | | | | | |
| **कोर्ट सिस्टम** | स्टेट, फेडरल, र ट्राइबल (आदिवासी) कोर्टहरू | केही निश्चित कुराहरूमा ढिलाइ गराउने; जरिवाना तथा शुल्कहरू आदिमा केही समयसम्म रोक लगाउने। | | | | कोर्टसम्बन्धी केही जानकारी यहाँ हेर्नुहोस्: https://www.ncsc.org/pandemic |
| **फार्म सर्भिस एजेन्सी (FSA)** | अमेरिकी कृषि विभाग अन्तर्गतको फार्म सर्भिस एजेन्सी (FSA) www.fsa.usda.gov | फार्म सर्भिस एजेन्सीको प्रत्यक्ष कर्जाहरूको गति बढाउने र केही भुक्तानीहरूलाई स्थगन गर्ने। प्रत्याभूत गरिएका कर्जाहरूको लागि फार्म सर्भिस एजेन्सीले तोकेको सेवाहरू। | वर्तमान ऋणीहरू | छ | | कोभिड-१९ को प्रतिकार्यमा अमेरिकी कृषि विभाग USDA को कार्यहरूको जानकारी: https://www.farmers.gov/coronavirus |
| **फेडरल बाली बीमा (क्रप इन्सुरेन्स)** | किसानको बीमा/इन्सुरेन्स प्रदायकलाई सम्पर्क गर्ने | क्षतिपूर्ति भुक्तानी | पहिले नै बीमा/इन्सुरेन्स खरिद गरेको हुनुपर्छ। कोभिड-१९ ले मात्रै बीमायोग्य क्षति सिर्जना गर्दैन। | छ | सम्झौतामा विवरणहरू हुन्छन्। क्षतिहरूको रिपोर्ट गर्ने समयसीमा प्रायः थोरै हुन्छ। | बालीसम्बन्धी बीमा सम्झौताहरू पालना गर्नु किसानहरूको लागि जरुरी हुन्छ। कोभिड-१९ बाट प्रभावित फार्मसम्बन्धी योजनाहरू बारेमा इन्सुरेन्स प्रदायकहरूलाई अग्रीम जानकारी गराइ कार्य गर्नुपर्छ। |
| **बीमा नगरिएको बाली विपद सहायतासम्बन्धी कार्यक्रम (NAP)** | अमेरिकी कृषि विभाग अन्तर्गतको फार्म सर्भिस एजेन्सी (FSA) www.fsa.usda.gov | बालीको बीमा जस्तै FSA को कार्यक्रम र बाली बीमा नभएको बेला यो उपलब्ध हुन्छ। | पहिले नै हस्ताक्षर गरी सम्झौता गरेको हुनुपर्छ। | छ | विभिन्न छन्। बाली बर्षको लागि कभरेजको अन्तिम दिनबाट 60 दिनभित्र भुक्तानीको लागि अनिवार्य आवेदन पेश गर्नुपर्छ। | NAP सम्झौताहरू पालना गर्नु किसानहरूको लागि जरुरी हुन्छ। कोभिड-१९ बाट प्रभावित फार्मसम्बन्धी योजनाहरूमा परिवर्तन गर्नुअघि FSA लाई सम्पर्क गर्नुपर्छ। |
| **मार्गदर्शन** | | | | | | |
| **वित्तीय संस्थाहरूको लागि नियमनसम्बन्धी मार्गदर्शनहरू** | विभिन्न रहेका | दाताहरू कर्जामा परिवर्तन गर्न र ऋणीहरूसँग कार्य इच्छुक हुनेसम्बन्धी सामान्य मार्गदर्शन। यस मार्गदर्शनले व्यक्तिगत किसानहरूलाई सोझै राहत प्रदान गर्दैन। | | छ। व्यक्तिहरूको लागि सोझै राहत प्रदान गर्दैन। | | |